# बराहताल गाँउपालिका

## गाउँकार्यपालिकाको कार्यालय

## कुनाथरी सुर्खेत

## कर्णाली प्रदेश, नेपाल

**आ.ब. २०७५/०७६ को ढुंगा, गिट्टी, बालुवा, ग्राभेल उत्खनन् गरि बिक्रि कार्यको बोलपत्र आब्हान सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०७५/०७/२७ गते)

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ र ६४ ले दिएको अधिकार प्रयोग गरी यस बराहताल गाउँपालिकाको निर्णयानुसार प्राकृतिक स्रोत कर असुली सम्बन्धी कार्य आ.ब. २०७५/०७६ को लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पूरा गरेका ईच्छुक फर्म/कम्पनीहरुले बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र सिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नुहुन सूचित गरिन्छ । अन्य थप जानकारीका लागि यस गाउँकार्यपालिकाको सूचनापाटी, वेभसाइट www.barahatalmun.gov.np तथा कार्यालय समय भित्र यस कार्यपालिकाको कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

**ढुंगा, गिट्टी, बालुवा, ग्राभेल आदि प्राकृतिक स्रोतको उपयोगमा लिईने करको ठेक्का विवरण**

| सूचना नं./ ठेक्का नं. | नदी/खोलाहरुको विवरण | यस गाउँपालिकाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, २०७५ अनुसार उत्खनन् गरिने घाटको विवरण | बार्षिक उत्खनन गर्न सकिने परिमाण(घन मिटर) | न्यूनतम ठेक्का अंक(मु.अ. कर तथा अन्य कर समेत ) रु. | बोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| BRM/NCB/075/076-01 | भेरी नदी | तरङ्गा क्षेत्र, रानीघाट क्षेत्र, चेपाङ्ग क्षेत्र र बुटिखोला क्षेत्र | ५८७१५ घ.मी. | ६२१४३९५.६० | ३०००।- | |

**शर्तहरु**

१. ठेक्का अवधि २०७५ सालको मंसिर महिनाको सम्झौता मिति देखि २०७६ सालको जेष्ठ मसान्त सम्म हुनेछ ।

२. यो सूचना प्रकाशित भएको मितिले ३० औ दिन सम्म कार्यालय समय भित्र बराहताल गाउँकार्यपालिकाको कार्यालय कुनाथरी सुर्खेतबाट बोलपत्र खरिद गर्न सकिनेछ । खरिद भएका बोलपत्रहरु ३१ औ दिन अपरान्ह १२:०० बजे भित्र बराहताल गाउँकार्यपालिकाको कार्यालय कुनाथरी सुर्खेतमा दर्ता गर्न सकिनेछ र दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे खोलिनेछ ।

३. बोलपत्रदाताले खामको बाहिर पट्टि ठेक्का नं, ठेक्काको बिवरण र नाम प्रष्ट बुझिने गरी लेख्नु पर्नेछ । बोलपत्र खरिद कर्ताले प्रत्येक ठेक्काको लागि छुट्टा छुट्टै फाराम खरिद गरी छुट्टाछुट्टै दर्ता गर्नु पर्नेछ । यस गाउँपालिकाको वेभसाइटबाट समेत बोलपत्र फाराम डाउनलोड गर्न सकिनेछ । यसरी वेभसाइटबाट डाउनलोड गरिएका बोलपत्र दाखिला गर्दा यस सूचना बमोजिम लाग्ने दस्तुर बुझाउनु पर्नेछ ।

४. बोलपत्र खरिद कर्ताले बोलपत्र फाराम खरिद गर्दा नेपालि नागरिकताको प्रतिलिपी, मु.अ.कर दर्ताको प्रमाणपत्र, कर चुक्ताको प्रमाणपत्र,फर्म दर्ता र नविकरणको प्रमाणित प्रतिलिपी साथ तोकिएको दस्तुर तिरी खरिद गर्नु पर्नेछ ।

५. ठेक्का लिन चाहने इच्छुक फर्मले कबोल अंकलाई आधार मानि धरौटी बापत कबोल अंकको ५ प्रतिशत रकम धरौटी राख्नु पर्नेछ । धरौटी बापत यस गाउँपालिकाको कार्यालय कुनाथरी सुर्खेत को नाममा रहेको नबिल बैंकको चल्ति हिसाब नं. ६९०१०१७५०००३७ (धरौटी खाता) मा रकम जम्मा गरेको भौचरको सक्कल प्रति वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको बाणिज्य बैंकबाट जारी गरेको कम्तिमा ९० (नब्बे दिन) मान्य हुने विडबण्डको सक्कल प्रति पेश गरेको हुनु पर्नेछ ।

६. कबोल गरेको रकम एकमुष्ट अग्रिम रुपमा बुझाएमा ५ % सम्म छुट दिन सकिनेछ । तर नियमानुसार लाग्ने मु.अ. कर प्रयोजनका लागि भने छुट दिईने छैन ।बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम यस कार्यालयको नविल बैंक कुनाथरी सुर्खेत शाखामा रहेको मुल कोष खाता नं. ६९०१०१७५०००४१ (संचित कोष) मा दाखिला गरेको भौचर वा कार्यालयको राजश्व शाखामा रकम दाखिला गरेको रसिद पेश गर्नुपर्नेछ ।

७. बोलपत्र खरिद कर्ताले आफूले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट देखिने गरी लेख्नु पर्नेछ ।अंक र अक्षरम फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । दर्ता भएका सिलबन्दी बोलपत्र फिर्ता तथा संशोधन हुने छैनन् ।

८. बोलपत्र खरिद तथा दाखिला गर्ने दिन वा खोलिने दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट माथि उल्लेखित समयमा दाखिला गर्नुपर्नेछ साथै त्यसै बमोजिम खोलिने कार्यक्रम पनि हुनेछ ।

९. रितपूर्वक दाखिला भएका बोलपत्र मध्ये घटि वा बढीवाला बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा सूचना रद्द गर्ने वा सूचना संशोधन लगायतका आदि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । साथै कुनै शर्त सहितको बोलपत्र स्वीकार्य हुने छैन ।

१०. ठेकेदारले नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाको कार्यालयले समय समयमा दिएको निर्देशनको पालना गर्नु पर्नेछ । साथै कार्यालय तथा ठेकेदार बीच कुनै विवाद उत्पन्न भएमा यस गाउँपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ ।

११. बुँदा नं. ६ बमोजिम एकमुष्ट रकम नबुझाएमा कूल कबोल अंक मध्ये पहिलो किस्तामा बुझाउनुपर्ने रकम बाहेक बाँकी रकमको ठेक्का अवधिमा १ महिना थप अवधि भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गका वाणिज्य बैंकको जमानत (परफरमेन्स वण्ड) पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरी चलना पूर्जी दिईनेछ ।

१२. ठेक्का रकमको भुक्तानी तालिका देहाय अनुसार हुनेछ ।

| किस्ता | किस्ता बुझाउनु पर्ने मिति | रकम रु. |
|---|---|---|
| पहिलो | सम्झौता हुँदाका बखत | कबोल अंकको ६०% ले हुन आउने रकम |
| दोस्रो | २०७५ साल माघ मसान्त भित्र | कबोल अंकको २०%ले हुन आउने रकम |
| तेस्रो | २०७६ असार मसान्त भित्र | कबोल अंकको बाँकी २०% ले हुन आउने रकम |

१३. ठेकेदारले सम्झौता पत्रमा पट्टा/पुर्जीमा तोकिएका बस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा रोयल्टी संकलन गर्नु पर्नेछ । रोयल्टी दर कर्णाली प्रदेश सरकारबाट स्वीकृत आर्थिक ऐन, २०७५ को अनूसुचि ४ मा उल्लेख भए बमोजिम हुनेछ । सो भन्दा फरक हुने गरी कर संकलन गरेमा नियमानुसार कारबाही हुनेछ ।

१४. प्रचलित नियमानुसार कालोसूचीमा परेका, गाउँपालिका कार्यालयलाई बुझाउनुपर्ने बाँकी बक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुको बोलपत्र उपर कुने कारबाही हुनेछैन ।

१५. बराहताल गाउँपालिकाको कार्यालय कुनाथरी सुर्खेतले तोकेको कर संकलन गर्ने रसिदहरु ठेकेदारले आफ्ना तर्फबाट छपाई सो रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई मात्र प्रयोग गर्नुपर्नेछ । कार्यालयबाट अनुगमन गरिद प्रमाणित नभएको रसिद फेला परेमा नियमानुसार कारवाही गरिनेछ ।

१६. ठेकेदारले ठेक्का सम्झौता पछि गाउँपालिका कार्यालयलाई बुझाउनु पर्ने रकममा कुनै किसिमको मिनाहको लागि दाबी गर्न पाईने छैन ।

१७. राष्ट्रिय राजमार्ग, सहायक राजमार्ग खेतियोग्य जमिनबाट तगारी राखि प्राकृतिक श्रोत कर संकलन गर्न पाईने छैन । साथै संकलन कार्य पश्चात आवश्यक्ता अनुसार ग्याविन,जालि लगाइदिनु पर्नेछ ।

१८. खोला र नदीको घाटगद्दी स्थलहरुमा सम्पूर्ण जानकारी सहितको सूचना पाटी (साइनबोर्ड) ठेकेदार आफैले बनाई सबै सरोकारवालाहरुले देख्ने गरी आफ्नै खर्चमा राख्नु पर्ने छ । संकलनको काम गर्ने कर्मचारीलाई परिचयपत्र लगाई मात्र संकलन कार्य गराउनु पर्नेछ ।

१९. गाउँपालिकाबाट गरिको प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन २०७५ (IEE) मा घाटगद्दी स्थल नतोकिएको स्थानबाट कसैले पनि नदीजन्य पदार्थ संकलन उत्खनन गर्न पाईने छैन ।यसरी घाटगद्दी नतोकिएको स्थानबाट संकलन/उत्खनन गरेको पाईएमा गाउँपालिकाद्वारा तोकिएको जरिवाना गरिनुका साथै नदिजन्य पदार्थ र ढुवानी साधन जफत समेत गर्न सकिनेछ ।

२०. ढुङ्गा,बालुवा,ग्राभेल गिट्टी उत्खनन् गर्दा प्रचलित ढुङ्गा, गिट्टी,बालुवा उत्खनन, संकलन,क्रसिङ र बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधको पालना गर्नुपर्नेछ ।

२१. नदिको किनारबाट भुक्षय हुने गरी डिल भिर भित्तो खनी खोस्री ढुङ्गा ,बालुवा,गिट्टी निकाल्न पाईनेछैन ।

२२. भिजेको नदिजन्य पदार्थ ढुवानीमा पूर्ण रोक लगाउनुपर्नेछ । साथै ढुङ्गा ,बालुवा,ग्रावेल,गिट्टी आदी छोपेर मात्र ढुवानी गर्ने प्रबन्ध मिलाउनु पर्नेछ ।

२३. ठेकेदारले घाट क्षेत्रमा फोहोर मैलाको उचित ब्यवस्थापन गर्नुपर्ने छ । साथै ठेकेदारले बस्ती क्षेत्रमा ध्वनी प्रदुषण नहुने गरी ढुवानीको कार्य गर्न लगाउनु पर्नेछ ।

२४. ठेकेदारले कामदारका लागि प्राथमिक उपचारका साथै माक्स,हेलमेट आदीको ब्यवस्था मिलाउनु पर्नेछ।

२५. ठेकेदारले प्रत्येक महिनामा संकलन तथा उत्खननको परिमाणको लिखित जानकारी कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । साथै सोही समयमा कार्यालयबाट प्रमाणित गरी लगेको प्रयोग भएका अर्धकट्टी नगदी रसिद पनि फिर्ता गर्नुपर्नेछ ।

२६. ठेकेदारले नदिजन्य पदार्थ संकलन उत्खनन हुने घाँटगद्दी स्थल सम्बन्धीका खर्चहरु स्वयं आफैले ब्यहोर्नु पर्नेछ ।

२७. बिहान सूर्योदय भन्दा अगाडी र साँझ सूर्यास्त भन्दा पछि ढुवानीका साधनहरुले घाटगद्दी स्थलमा प्रवेश गर्न पाईनेछैन । यसरी नियम विपरित गएका ढुवानी साधनहरुलाई कानून बमोजिम कारबाही गरिनेछ ।

२८. नदिजन्य पदार्थ संकलन गर्ने जिम्मेबारी हस्तान्तरण गर्नु अगाडी जुन नदी/खोलाको जुन स्थानबाट संकलन गर्ने गरी स्वीकृत भएको हो, सोही नदि/खोलाहरुको सोही स्थान प्राविधिकबाट एकिन गराई, तोकिएको परिणाम भन्दा बढी नदिजन्य पदार्थ निकासी हुन नपाउने ब्यवस्था गर्नुपर्नेछ ।

२९. तोकिएको स्थानको लम्बाई,चौडाई र उचाई खुल्ने रेफरेन्स कायम गरी चीनो लगाएको मुचुल्का तयार गरेपछी कार्य सूरु हुनेछ ।

३०. भारी उपकरण (मेसिन) प्रयोग गर्ने सम्बन्धी ब्यवस्था स्वीकृत IEE प्रतिवेदन बमोजिम हुनेछ ।

३१. यस सूचनामा उल्लेख भएका शर्तहरु लगायत यस गाउँकार्यपालिकाको निर्णयअनुसार दिइने सुझाव यस ठेक्काको प्रयोजनको लागि अभिन्न अंगको रुपमा मानिनेछ ।

३२. प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन २०७५(IEE) का प्रावधानहरुको ब्याख्या गर्ने अधिकार बराहताल गाउँपालिकामा सुरक्षित रहनेछ

३३. यस सूचनामा उल्खेत भएको बिषय यसै सूचना बमोजिम र यस सूचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन नियम, प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन २०७५ बमोजिम हुनेछ ।

३४. यस ठेक्कामा सहमागि हुन चाहने इच्छुक फर्म/संस्थाले यस गाउँकार्यपालिकाको प्रारम्भिक बातावरणीय परीक्षण प्रतिवेदन, २०७५ कर्णाली प्रदेश सरकारबाट स्वीकृत आर्थिक ऐन,२०७५ लगायत अन्य सम्बन्धित कागजातहरु राम्रोसंग अध्यन गर्नुहुन अनुरोध छ ।

प्रमुख प्रशासकिय अधिकृत